# MUSLIM GEN-Z NEPAL

मिति: २०८२/०६/२६

## प्रेस वक्तव्य

**विषयः समानुपातिक समावेशी सहभागिताका सम्बन्धमा ।**

नेपालको संविधान २०७२ ले सबै जात, धर्म, भाषा, लिङ्ग र समुदायका नागरिकलाई समान अधिकार, अवसर र सहभागिता सुनिश्चित गर्ने स्पष्ट व्यवस्था गरेको छ । सम्माननिय प्रधानमन्त्री सुशीला कार्की ज्यूको नेतृत्वमा रहेको मन्त्रिपरिषद् बिस्तारका क्रममा उक्त संवैधानिक मर्म र भावनालाई सम्मान गर्नहुनेछ भन्ने अपेक्षा व्यक्त गर्दछौं ।

**Gen-Z** आन्दोलनका क्रममा विभिन्न समुदायका जनताले आफ्नो ज्यानको आहुति दिँदै गर्दा मुस्लिम समुदायको पनि उल्लेख्य सहभागीता रह्यो । मुस्लिम, मधेशी लगायत सबैखाले बञ्चितीकरण, अन्यकरण वा ऐतिहासिक उत्पीडनबाट पीडित सिमान्तकृत समुदायले हरेक आन्दोलनमा बलिदान गर्ने तर बलिदानको कदर गर्ने समयमा सधैं उपेक्षा गर्ने प्रवृत्तिले अब निरन्तरता नपाओस् । जेनजी आन्दोलनले यस प्रकारको प्रवृत्तीको समेत खारेज गरेको छ भन्ने हाम्रो धारणा छ ।

जेन-जी मुस्लिम, नेपाल यसप्रति सबै पक्षलाई सचेत गराउँदै नेपाल सरकारले सबै सिमान्तकृत समुदाय सहित मुस्लिम समुदायको योगदान र बलिदानको कदर गरि सरकारमा सहभागिता सुनिश्चित गर्न तत्काल कदम चाल्नुपर्ने दृढ अडान सहितको माग राख्दछौं ।

**GEN-Z MOVEMENT ALLIANCE**
**मा ऐक्यबद्ध समूहहरू सहित,**
**-MUSLIM GEN Z NEPAL**